"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४

चलानी नं. :-

मिति :- २०८३-०४-२०

सुचना नं : ११

## निशुल्क आयोगका कक्षा अध्ययनको लागि आवेदन दिने सम्बन्धि सूचना !!

प्रस्तुत विषयमा सरकारी सेवा क्षेत्रमा यस विहादी गाउँपालिका भित्रका नागरिकहरुको न्युन उपस्थितिलाई उच्च बनाउने तथा आर्थिक रुपले विपन्न वा जेहेन्दार नागरिकहरुलाई शैक्षिक तथा रोजगारीका क्षेत्रमा सहजिकरण गर्ने उदेश्यले यस गाउँकार्यपालिकामार्फत निशुल्क लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगका अनलाइन कक्षाहरु सञ्चालन गर्ने निर्णय गरिएको छ । यस कक्षामा सहभागी हुन इच्छुक योग्य नागरिकहरूले यस कार्यालयमा तथा अनलाईन माध्यमबाट २१ दिन भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपाईहरुको क्षमता वृद्धि गरी आयोगको परीक्षा सफलतापूर्वक उत्तीर्ण गर्न मद्दत पुर्याउने यस अवसरलाई सबैले लाभ उठाउनुहुन अनुरोध गर्दछौं, साथै हाल सेवा प्रवाह गरिरहनु भएका यस पालिका भित्रका शिक्षक तथा कर्मचारीहरुले पनि यो अवसर पाउनुहुने व्यहोरा जानकारी गराउदछौ ।

थमन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु:**

१.आवेदन फारम (कार्यालयमा उपलब्ध वा अनलाईन माध्यमबाट भर्न सकिने)।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. एक प्रति पासपोर्ट साइजको फोटो,

४. शैक्षिक प्रमाणपत्रको प्रतिलिपीहरु,

५. कक्षा निरन्तरता दिने सम्बन्धी स्वघोषणा,

**अनलाईन आवेदन पेश गर्ने लिंक:**

**https://docs.google.com/forms/d/e/1FAIpQLSfqTpV7ajYVHPtkUC38A0NnJpYsV9z0NBql7ZyPE81fTqYrwQ/viewform**

TQRCG